आज मिति २०७६/०८/११ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री कृष्ण प्रसाद पाण्डे | सदस्य - सचिव | बुद्धभूमि न.पा. | |

Scanned by CamScanner

## मितिः २०७६।०८।११ गतेको बुद्धभूमि नगरकार्यपालिका बैठकको निर्णयहरु

**प्रस्ताव नं. १ : पाँच लाख सम्मको प्राइभेट फर्म तथा व्यवसाय दर्ता सम्बन्धमा।**

निर्णय नं. प्राईभेट फर्म दर्ता नियमावली, २०७६ को नियम ८ (१) तथा ८(२) मा भएको व्यवस्था अनुसार रु. ५ लाखसम्म पुजी भएको प्राईभेट फर्म सम्वन्धित स्थानीय तहमा दर्ता, नवीकरण र अध्यावधिक गर्नु पर्ने छ भन्ने व्यवस्था बैठकलाई जानकारी भयो।

**प्रस्ताव नं. २ :** नदीजन्य पदार्थ घाटगद्दी र कार्यविधी सम्बन्धमा।

निर्णय नं.: नगरकार्यपालिकाको कार्यालयवाट आ.व. २०७६/०७७ को लागि मिति २०७६ आसोज ९ गतेको मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा नदिजन्य पदार्थ विक्रि वितरणको लागि सूचनामा घाटगद्दी सहितको व्यवस्था गरी सूचना प्रकाशन गरिएकोमा घाटगद्दीको व्यवस्था गरी ब्यवसायीहरुले विक्रि वितरण गर्दा जनताहरुलाई महगो पर्न जाने, नदिजन्य पदार्थ महगो हुन गई स्थानीय विकास निर्माणमा पनि प्रभावित हुन जाने साथै गत वर्षको अनुभवले पनि घाटगद्दी गराई ठेक्का प्रक्रिया संचालन गर्न कठिन देखिन आएकोले सो सम्वन्धमा छलफल हुदा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) तथा खण्ड प(७) को अधिकार प्रयोग गरी नदिजन्य पदार्थको घाटगद्दी नगरी व्यवसायीहरुसंग संझौताको प्रक्रिया अगाडी बढाउन आशयको सूचना प्रकाशन गर्ने साथै सोही ऐनको अधिनमा रही नदिजन्य पदार्थ र सो मा आधारित उद्योग सम्वन्धि व्यवस्थापन गर्नको लागि कार्यविधि बनाई अर्को बैठकमा पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. ३ :** बोलपत्र मूल्याङकन समिति गठन सम्बन्धमा।

निर्णय नं.: आ.व. २०७६/०७७ को खरिद कार्यको पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशय पत्र वा प्रस्ताव वा शिलवन्दी दरभाउ पत्रको परिक्षण र मूल्यांकन गरि सिफारिस गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ७१, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७(१) एवं यस नगरपालिकाको सार्वजनिक खरिद नियमावली नियम १५७(१) मा भएको व्यवस्था बमोजिम तपशिल बमोजिम बोलपत्र मूल्यांकन समिति गठन गर्ने निर्णय गरीयो।

**तपशिलः**

१. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
२. पूर्वाधार शाखा प्रमुख (ईन्जिनियर) – सदस्य
३. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
४. प्रशासन शाखा प्रमुख – सचिव

**प्रस्ताव नं. ४ :** स्वास्थ संस्था दर्ता सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा।

निर्णय नं.: आजको बैठकमा पेश भएको बुद्धभूमि नगरपालिकाको स्वास्थ्य संस्था दर्ता सम्वन्धि कार्यविधि २०७६ को मस्यौदा बैठकमा छलफल हुँदा पुन नगरपालिकाका सबै पदाधिकारीहरूले आफ्नो राय सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. ५ : ईन्जिनियरको सेवा सुविधा सम्बन्धमा ।**

निर्णय नं.: यस नगरपालिकाको कार्यालयमा ज्यालादारीमा कार्यरत ईन्जिनियरले सेवा छोडेको र सेवा करारमा कार्यरत ईन्जिनियर कार्यालयको सम्पर्क बाहिर भई हालसम्म सम्पर्कमा नआएको हुँदा पूर्वाधार शाखाबाट सम्पन्न गर्नुपर्ने काममा कठिनाई उत्पन्न भएको हुँदा उक्त कार्यलाई सञ्चालन गर्नेको लागि कपिलवस्तु नगरपालिकामा स्थायी रूपमा कार्यरत इन्जिनियर यस नगरपालिकाको कामकाज गर्न माग गरिएको कपिलवस्तु नगरपालिकाले थप कामकाज गर्नको लागि इन्जिनियर राजेश कुमार सैनीलाई सहमित दिइएकोले निजको परिश्रमिकको बारेमा छलफल हुँदा साविकमा कार्यरकत रहेका एक जना इन्जिनियरले पाँचौ नगर सभाको निर्णाय अनुसार पाउने तलब सरह र खाजा खर्च, खाना खर्च, इन्धन सुविधा, सञ्चार सुविधा, प्रोत्साहन भत्ता बापत जम्मा हुन आउने रकम निजलाई नगदै उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** नगर प्रहरी तथा सुरक्षा गार्ड सम्बन्धमा ।

निर्णय नं. : नगर प्रहरी तथा सुरक्षा गार्ड भर्ना सम्वन्धमा छलफल हुदा यस बुद्धभूमि नगर प्रहरी ऐन २०७६ को परिच्छेद २ दफा ३ मा नगर प्रहरी सेवा गठन र उक्त सेवामा रहने कर्मचारी संख्या कार्यपालिकाले तोके बमोजिम रहने व्यवस्था भए बमोजिमको व्यवस्था, सोही ऐनको परिच्छेद ४ को दफा ८ मा पद सिर्जना तथा खारेजी गर्ने अधिकार नगरकार्यपालिकामा रहेको हुदा सोही ऐनको परिच्छेद ३ को दफा ७ बमोजम काम, कर्तब्य र अधिकार रहने गरी तपशिल बमोजिम पदपुर्तिको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल:**

**क) नगर प्रहरी तर्फ:**

१. नगर प्रहरी निरिक्षक – १ जना

२. नगर प्रहरी सहायक निरिक्षक – २ जना

३. नगर प्रहरी जवान – ८ जना

**ख) सुरक्षा गार्ड तर्फ:**

१. नगरपालिका कार्यालय सुरक्षा गार्ड (नगर प्रहरी जवान सरह) -३ जना

**प्रस्ताव नं. ७: ताल ठेक्का सम्बन्धमा ।**

निर्णय नं. : यस बुद्धभूमि नगरकार्यपालिकाको मातहतमा रहेका ठेक्का नलागेका ताल तथा पोखरीहरुको पहिचान गरी ठेक्का प्रक्रिया अगाढी बढाउएनको लागि नगरपालिकामा सिफारिस गरी पठाउन सम्वन्धित वडाका वडा अध्यक्षज्यूहरुले पहल गर्ने, ठेक्काको म्याद सकिएका निम्नलिखित तालहरुको लागि ठेक्का व्यवस्थापन प्रक्रिया अगाडी बढाउने, बक्यौता बाकी रहेको तर ठेक्काको म्याद नसकिएका ताल ठेक्काहरुको लागि अन्तीम पटक ७ दिनको म्याद दिई अशुल गर्नु पर्ने बक्यौता अशुल गरी बाकी अवधिको किस्ताको बैंक ग्यारेन्टी वा नगद नै दाखिला गर्ने गरी पत्राचार गर्ने र तोकीएको म्याद भित्र दाखिला गर्नु पर्ने नगद वा बैंक जमानत बुझाउन नआएमा वा सो को लागि म्याद थपको लागि निवेदन पेश गर्न नआएमा ठेक्का संझौता रद्द गरी पून ठेक्का प्रक्रिया अगाढी बढाउने निर्णय गरियो । साथै नगद वा बैंक जमानत पेश गर्ने समय थपका

२०७६।०८।११

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

लागि निवेदन प्राप्त भएमा नगर प्रमुख स्तरीय निर्णयबाट बढीमा ३० दिनको म्याद थप गरी नगद वा बैंक जमानत जम्मा गर्न लगाई उक्त ठेक्का प्रक्रियालाई निरन्तरता दिने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | तालको नाम, ठेगाना | ठेकेदारको नाम, ठेगाना | अवधि | | | ठेक्का अंक | बुझाएको | | बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | बर्ष | ठेक्का समाप्त हुने मिति | किस्ता सं. | | रकम | किस्ता | |
| १ | तलेरिया ताल, वडा नं. | भुवन प्रसाद खनाल | १० वर्ष | २०८०।१२।३० | ८ | १०१०००० | ५५५५०० | ४ | ४५४५००.० |
| २ | बुड्ढी ताल वडा नं. ४ | धर्मेन्द्र मल्ल | ५ बर्ष | २०७६।१२।३० | ५ | ७२००००० | २८००००० | २ | ४४०००००.० |
| ३ | दुविया ताल वडा नं. ३ | विजय सिंह प्युठान | ७ वर्ष | २०७९।३।३० | ७ | ५८००००० | ५८०००० | १ | ५२२००००.० |
| ४ | गेल्वार ताल वडा नं. ४ | लंक वहादुर हमाल | ५ बर्ष | २०७५।१२।३० | ५ | २०२५००० | ५०६२५० | १ | १५१८७५०.० |
| ५ | देऊरी ताल वडा नं. ४ | कृष्ण प्रसाद अधिकारी | १० बर्ष | २०७५।१२।३० | | ४८९०००० | ३५५६५०० | | १३३३५००.० |
| ६ | प्रतापपुर ताल वडा नं. ४ | सम्पत कुमार खाती | १० बर्ष | २०८०।१२।३० | ८ | ३६१०००० | १९५१२५० | ४.५ | १६५८७५०.० |

**प्रस्ताव नं. ८: मध्य पश्चिम पृतना हे.क्वा. योगिकुटी, बुटवलको पत्र सम्बन्धमा ।**

निर्णय नं. : नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना मध्य पश्चिम पृतना हेड क्वाटर योगीकुटी, बुटवलको हेलीप्याडसम्म जाने मूख्य सडक र सहायक वाटोलाई Asphalt गर्नको लागि आवश्यक पर्ने बेस मेटेरियल्स उपलब्ध गराई दिन आवश्यक सहयोग माग गरिएकोमा उक्त सहयोग नगर प्रमुखस्तरीय निर्णयवाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: नयाँ राष्ट्रिय ईन्जिनियरिंग कन्सल्टेन्सी जेभी को पत्र सम्बन्धमा ।**

निर्णय नं. : शहरी विकास तथा भवन निर्माण विभाग र नयाँ राष्ट्रिय ईन्जिनियरिंग कन्सल्टेन्सी जेभी वीचमा भएको संम्झौता अनुसार नया राष्ट्रिय ईन्जिनियरिंग कन्सल्टेन्सी जेभीले पेश गरेको एकीकृत शहरी विकास योजना लगायतका प्रतिवेदन नगरकार्यपालिकामा मिति २०७६।७।२७ गतेको पत्रवाट अनुमोदनको लागि माग गरेकोमा उक्त कन्सल्टेन्सीले शहरी विकास तथा भवन निर्माण विभागसंग गरेको सझौता र कार्य विवरणको साथै प्रतिवेदन नगरकार्यपालिकाको कार्यालयमा प्रस्तुती गर्न सम्वन्धित कन्सल्टेन्सीलाई पत्रचार गर्ने र शहरी विकास तथा भवन निर्माण विभागलाई बोधार्थ दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: पत्थरकोट कृषि हाटबजार व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. : बुद्धभूमि नगरपालिका वडा नं. १, पत्थरकोटमा संचालनमा रहेको कृषि हाट बजार सडकको छेउमा संचालनमा रहेको हुदा सडक दुर्घटनाको संभावना र सवारी साधन आवगमनमा समेत कठीनाई भएको हुदा उक्त बजारलाई गंगाज्योती मा.वि.को दक्षित तर्फ टहरा निर्माण भएको स्थानमा स्थानन्तरण गरी हाटबजार सञ्चालनको आवश्यक गर्न व्यवस्थापन गर्न वडा कार्यालयलाई जानकारी पठाउने र उक्त कार्यको सहजीकरण गर्नको लागि स्थानीय प्रशासनलाई अनुरोध गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner